# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५६) काठमाडौं, कात्तिक २७ गते २०६३ साल (संख्या २८

## भाग ३

### संसद सचिवालयको सूचना

### प्रतिनिधि सभा (पहिलो संशोधन) नियमावली, २०६३

प्रतिनिधि सभा नियमावली, २०६३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

प्रतिनिधि सभाको घोषणा, २०६३ को दफा १.४ ले दिएको अधिकार प्रयोग गरी प्रतिनिधि सभाले यो नियमावली बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस नियमावलीको नाम "प्रतिनिधि सभा (पहिलो संशोधन) नियमावली, २०६३" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. प्रतिनिधि सभा नियमावली, २०६३ को नियम २०९ मा संशोधनः प्रतिनिधि सभा नियमावली, २०६३ को नियम २०९ को,–

१) उपनियम (१) मा रहेको "रिक्त पदको तीन गुणा बढी संख्यामा सम्भाव्य उम्मेदवारहरूको" भन्ने शब्दहरूको सट्टा "रिक्त पदको सम्भाव्य उम्मेदवारको" भन्ने शब्दहरू राखिएका छन् ।

२) उपनियम (३) को सट्टा देहायको उपनियम (३) राखिएको छः–

"(३) उपनियम (२) बमोजिम समितिबाट प्राप्त रायमा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रस्तावित नाम अनुमोदन भएको भए सम्बन्धित निकायले निज-लाई रिक्त पदमा नियुक्त गरी सोको जानकारी समितिलाई उपलब्ध गराउनु पर्नेछ ।"

३) उपनियम (५) पछि देहायको उपनियम ५(क) थपिएको छः–

"५(क) उपनियम (५) बमोजिम समिति सर्वसम्मत हुन नसकी आफ्नो निर्णय उपलब्ध गराउन नसकेको अवस्थामा अनु-मोदनको लागि प्राप्त नामको सम्बन्धमा समितिमा भएको कार-वाही, समितिलाई प्राप्त कागजात तथा अन्य विवरण समितिले सम्बन्धित निकायलाई उपलब्ध गराउनेछ" ।

प्रतिनिधि सभाबाट पारित मितिः २०६३।६।१

आज्ञाले,
सूर्यकिरण गुरुङ्ग
संसदको महासचिव

## नेपाल सरकार

## अर्थ मन्त्रालयको

## सूचना १

नेपाल सरकारले सामयिक कर असुल ऐन, २०१२ बमोजिम खण्ड ५६, अतिरिक्ताङ्क २३, मिति २०६३ असार २८ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको आदेशको दफा २२ ले दिएको अधिकार प्रयोग गरी त्रिदण्डी यतिराज आश्रम सहश्रधारा, पर्वत शाखा श्री सुकदेव भागवत आश्रम गैंडाकोट–१, नवलपरासीले सोही स्थानमा निर्माण गरेको भगवान श्री लक्ष्मीनारायणको मन्दिरमा स्थापना गर्न भा. रु. ४७,६५०.०० (सतचालिस हजार छ सय पचास) मूल्य बराबरको मूर्तिहरू आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।



६८४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना २

नेपाल सरकारले सामयिक कर असुल ऐन, २०१२ बमोजिम खण्ड ५६, अतिरिक्ताङ्क २३, मिति २०६३ असार २८ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको आदेशको दफा २२ ले दिएको अधिकार प्रयोग गरी पाटन अस्पताल, ललितपुर लगनखेलले Axios and The GIPAP Organisation बाट क्यान्सर रोगीहरूको उपचारको लागि उपहार स्वरुप प्रदान गरिने CHF २,३५,२००.०० (दुई लाख पैंतिस हजार दुई सय) मूल्य बराबरको Imatinib (Glivec) औषधि आयात गर्दा भन्सार महसुल पूर्ण रूपमा छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ३

नेपाल सरकारले सामयिक कर असुल ऐन, २०१२ बमोजिम खण्ड ५६, अतिरिक्ताङ्क २३, मिति २०६३ असार २८ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको आदेशको दफा २२ ले दिएको अधिकार प्रयोग गरी कंकालो माध्यामिक विद्यालय, पुरानो नैकाप, काठमाडौंले भा॰ रू. ७,६६,०००.०० (सात लाख छैसट्ठी हजार) मूल्य बराबरको Tata Bus आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल विशेष शुल्क, अन्तःशुल्क तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
प्रमोदकुमार कार्की
सह-सचिव



७८७

मुद्रण विभाग
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

## महालेखा परीक्षकको कार्यालयको

### सूचना १

महालेखा परीक्षकले लोकसेवा आयोगको सिफारिसमा महालेखा परीक्षकको विभागका कर्मचारीहरू सम्बन्धी नियमावली, २०५० बमोजिम देहायका व्यक्तिहरूलाई लेखापरीक्षण सेवा, राजपत्राङ्कित तृतीय श्रेणीको लेखापरीक्षण अधिकारी पदमा मिति २०६३।६।२४ देखि लागू हुने गरी नियुक्ति गरी यस कार्यालयमा पदस्थापन गरेको छः—

| क्र.सं. | नाम र ठेगाना |
|---|---|
| १ | श्री प्रकाशकुमार खत्री, गोली-१, सोलुखुम्बु |
| २ | श्री भूमिराज आचार्य, दिक्तेल-४, खोटाङ्ग |
| ३ | श्री रघुपति महत, विदुर-३, नुवाकोट |
| ४ | श्री जगन्नाथ घिमिरे, लामाटार-६, ललितपुर |

### सूचना २

महालेखा परीक्षकले लोकसेवा आयोगको सिफारिसमा महालेखा परीक्षकको विभागका कर्मचारीहरू सम्बन्धी नियमावली, २०५० बमोजिम देहायका लेखापरीक्षण अधीक्षकहरूलाई मिति २०६३।६।२४ देखि लागू हुने गरी लेखापरीक्षण सेवा, राजपत्राङ्कित तृतीय श्रेणीको लेखापरीक्षण अधिकारी पदमा बढुवा नियुक्ति गरी यस कार्यालयमा पदस्थापन गरेको छः-

| क्र.सं. | नाम |
|---|---|
| १ | श्री पदमबहादुर बस्नेत |
| २ | श्री शालिकराम घिमिरे |

आज्ञाले,
बच्चुराम दाहाल
उपमहालेखा परीक्षक



मुद्रण विभाग सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू. ५।-
गो. द. ब. नं. १६।२०६२।६३

६५८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।